# मालपोत कार्यलय खैरहनी चितवन बाट मिति:२०८०/०७/१९मा प्रकाशित ३५ दिने सर्वजनिक सूचना ।

यसमा जिल्ला चितवन रासी न.पा वडा नं. ९ बस्ने हरी वहादुर तमाङ र राम वहादुर तमाङ समेतले आफ्नो एक मात्र हजुरआमा नाताको मृतक मन माया तमाङको नाममा दर्ता कायम रहेको गा.वि.स विरेन्द्रनगर वडा नं.७क कि.नं १८१ र कि.न.१८४ को ज.वि ०-०१३.७५ र ०-०-६.२५ जग्गाहरुको ज.ध. मन माया तमाङ को मृत्यु पछि हक खाने हजुरवुवा अमर वहादुर तमाङ पनि मृत्यु पछी हक खाने दुई मात्र छोराहरु वुवा वलराम तमाङ र काका कृष्णराम तमाङ साथै तिन छोरी भएकोमा सवैको विवाह भइसकेकोमा जेठो छोराको मृत्यु पछी हक खाने एक मात्र श्रीमती/आमा फुल माया तमाङ भइ निजहरुको दामपत्य जिवनवाट जायजन्म भएको हामी दुइ छोराहरु हरि वहादुर तमाङ र राम वहादुर तमाङ एक छोरी भइ निजको विवाह भइ सकेको र आमा फुलमाया तमाङ जिल्ला चितवन इच्छाकामना गा.पा. वडा नं.३ वस्ने इन्द्र वहादुर तमाङसंग मिति २०६३/१०/१२ मा दोस्रो विवाह गरी गएको र ज.ध.को कान्छो छोरा/काका कृष्णराम तमाङ को मृत्यु पछि हक खाने एक मात्र श्रीमती/काकी सुक माया तमाङ र छोराको जायजन्म नभइ दूइ छोरीहरु सलिना तमाङ र एलिसा तमाङ भएकोमा दुवै जनाको विवाह भइसकेको साथै कान्छ वुहारी/काकी सुकमाया तमाङ पनि चितवन रासी न.पा.९ वस्ने इन्द्र वहादुर तमाङसंग मिति२०५४/०५/०६ मा दोस्रो विवाह गरी गएको विवरणहरु खुलाई उक्त जग्गाहरु संयुक्त नाममा नामसारी गरि पाउँ भनि पेश भएको माग निवेदन सन्दर्भमा । ज.धको विवरणमा ज.धको नाम मन माया तमाङ ठेगाना चितवन विरेन्द्रनगर ९ पति अमर व.तमाङ, ससुरा प्रताम सि तमाङ उल्लेख भएको । उक्त जग्गाहरु हाल क-कसको हकभोग रहेको छ? सो जग्गाहरु निवेदकहरु वाहेक अरु कोही हकदार छ/छैन ? निवेदकहरु र मृतक विच के नाता सम्वन्ध रहेको छ? ज.ध. को पालनपोषण,औषधी उपचार तथा मृत्यु पश्चात काजक्रिया कसले गरेको हो ? ज.ध. जेठी र कान्छी वुहारीहरु फुलमाया तमाङ र सुक माया तमाङ कहिले, कहाँ र कोसंग दोस्रो विवाह गरी गएको हो/होइन? माग अनुसार नामसारी गरिदिएमा कुनै किसिमले कसैको हक वेहक हुन्छ हुदैन? वा नामसारी नहुने कारण भए वा कोही कसैको हक पुग्ने भए सुचनाको प्रकाशित भएको मितीले बाटोको म्याद वाहेक ३५ दिनभित्र सप्रमाण सहित कार्यालयमा हक दाबि गर्न आउनुहोला अन्यथा माग अनुसार हरी वहादुर तमाङ र राम वहादुर तमाङको संयुक्त नाममा नामसारी भइजाने छ ।

Scanned with CamScanner

दर्ता ४५५
मिति २०८०/०६/२०
राप्ती नगरपालिका

फोन नं.०५६-५८३४१५

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय खैरहनी
चितवन

प. स. : ०७९/०८०/०८१
च. न. : १२४०

मिति-२०८०/०७/१९

बिषयः-सूचना टाँस गरि पठाईदिने बारे ।

श्री राप्ती न.पा ९ नं. वडा कार्यालय
राप्ती, चितवन ।

प्रस्तुत सम्वन्धमा यस कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना एक प्रति यसै साथ संलग्न राखि पठाइएको छ। प्राप्त भएपछि सूचना टाँस गरि जानकारी पठाईदिनु हुन अनुरोध छ।

वोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय भरतपुर,चितवन ।
श्री जिल्ला समन्वय समितिको कार्यालय भरतपुर चितवन।
श्री राप्ती नगरपालिकाको कार्यालय, चितवन
श्री चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका-आगामी अंकमा सूचना प्रकाशन गरि दस्तुर बाहकबाटै लिनुहुन ।

........................
केशवराज सुवेदी
(प्रमुख मालपोत अधिकृत)